# ट्रकोमा **Post-Validation Surveillance** निर्देशिका २०७८

<u>प्रस्तावना:</u> स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सन् २०१८ मा नेपालमा ट्रकोमा जनस्वास्थ्य समस्याको रुपमा नरहेको घोषणा गरिसकेको सन्दर्भमा ट्रकोमा निवारणको दिगोपन सुनिश्चित गर्न प्रमाणीकरण पछिको सर्भिलेन्स (Post Validation Surveillance) लाई आवश्यक सहजिकरण गर्न बान्छनिय भएकोले,

जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ६४ वमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (मा.मन्त्रिस्तर)को निर्णय अनुसार यो निर्देशिका जारी गरेको छ

१. <u>संक्षिप्तनाम र प्रारम्भ:</u> (१) यस निर्देशिकाको नाम "ट्रकोमा **Post-Validation Surveillance** निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;-

(१) "ट्रकोमा" भन्नाले खस्रे रोग, Chlamydia Trachomatis नामक सुक्ष्म जिवाणुको संक्रमणले गर्दा लाग्ने आँखाको रोगसम्झनु पर्दछ।

(२) प्रमाणीकरण पछिको सर्भिलेन्स (Post Validation Surveillance) भन्नाले ट्रकोमा सम्बन्धि तथ्याङ्कहरुको नियमित रुपमा संकलन गरी विश्लेषण तथा व्याख्यागर्ने र प्राप्त नतिजाका आधारमा सुधारका क्रियाकलाप गर्ने प्रक्रियाजसले रोग पुनः देखा परेको वानयाँ रोग देखा परेको संकेत गर्न, संलग्न भएका लक्षित स्थानवा जनसंख्याको पहिचान गर्न, आवश्यक सेवा प्रवाहको प्रभावकारी योजना तयार गर्न र साधन स्रोतका लागि नियमित बहस गर्ने प्रक्रिया सम्झनुपर्दछ।

(३) "मन्त्रालय" भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनुपर्दछ।


१

**Table 1: जनस्वास्थ्य समस्याको रुपमा ट्रकोमाको निवारण गर्न आवश्यक प्राविधिक सुचकाङ्कहरु**


| | |
|---|---|
| Trachomatous inflammation-Follicular (TF) | पहिलेका सबै प्रभावित जिल्लामा १ देखि ९ वर्ष उमेरका TF को कुल संक्रमण दर ५% भन्दाकम |
| Trachomatous Trichiasis (TT) | १५ वर्ष भन्दा माथीका वयश्कमा TT "स्वास्थ्य प्रणालीलाई थाहा नभएको" कुल संक्रमण दर ०.२% भन्दाकम |
| TT शल्यक्रिया सेवा<br>(TT surgery services) | तोकिएका रणनितिहरुको प्रयोग गरि इन्सिडेन्ट TT को पहिचान तथा व्यवस्थापन गर्न स्वास्थ्य प्रणाली सक्षम भएको र ती रणनीतिहरुको कार्यानवयनका लागि उपयुक्त वित्तीय स्रोत र साधनभएको प्रमाण |

नोटः TT "स्वास्थ्य प्रणालीलाई थाहा नभएकोमा शल्यक्रिया पछि पुनः TT भएको व्यक्ति, शल्यक्रियागर्न नमानेको TT को बिरामी र शल्यक्रियाको सूचीमाभई शल्यक्रिया नभइसकेको तर शल्यक्रियाको लागि मिति लिइसकेको बिरामी पर्दैनन्।

## चित्र १: नेपालमा ट्रकोमाको प्रिभ्यालेन्सको इतिहास




## चित्र २: नेपालमा ट्रकोमाको इन्डेमिसिटिको इतिहास




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(३) <u>ट्रकोमा प्रमाणीकरण पछिको सर्भिलेन्स:</u> (१) ट्रकोमा प्रमाणीकरण पछिको सर्भिलेन्स **(Trachoma Post Validation Surveillance)** : जनस्वास्थ्य व्यवहारहरुको योजना, कार्यान्वयन तथा मुल्यांकनका लागि आवश्यक स्वास्थ्य सम्बन्धि तथ्याङ्कहरुको नियमित रुपमा संकलन गरी विश्लेषण तथा व्याख्यागर्ने र प्राप्त नतिजाका आधारमा सुधारका क्रियाकलाप गर्ने प्रक्रियालाई सर्भिलेन्स भनिन्छ। यो रोगको रोकथाम र नियन्त्रणका उपायबारे जानकारी प्राप्त गर्न आवश्यक हुन्छ।

ट्रकोमा प्रमाणीकरण पछिको सर्भिलेन्स प्रणालीमा जनस्वास्थ्य समस्याको रुपमा ट्रकोमाको निवारण भएको प्रमाणित भएपछि देखिएका सक्रिय ट्रकोमा तथा TT बिरामीहरुको सुचनाप्राप्त गर्न आवश्यक मानिस, प्रक्रिया, साधन र संरचना संलग्न हुन्छन् । प्रभावकारी ट्रकोमा प्रमाणीकरण पछिको सर्भिलेन्स प्रणालीले कार्यक्रम व्यवस्थापकहरुलाई निम्न कार्य गर्न सहज बनाउँछ। रोग पुनः देखा परेको वानयाँ रोग देखा परेको संकेत गर्न, संलग्न भएका लक्षित स्थानवा जनसंख्याको पहिचान गर्न, आवश्यक सेवा प्रवाहको प्रभावकारी योजना तयार गर्न र साधन स्रोतका लागि नियमित बहस गर्न।

(२) नेपालमा ट्रकोमा प्रमाणीकरण पछिको सर्भिलेन्सको आवस्यकता : विश्व स्वास्थ्य संगठनलाई सन् २०१८ को सुरुवातमा नेपालमा जनस्वास्थ्य समस्याको रुपमा ट्रकोमाको निवारण भएको प्रमाणिकरणका लागि ज्ञापन पत्र बुझाइएको थियो। तदर्थ ज्ञापन पत्र समीक्षा समूहको मुल्याङ्कन पश्चात आफ्नो मापदण्ड संचालन प्रक्रिया (Standard Operating Procedure) काआधारमा सन् २०१८ को मे महिनामा विश्व स्वास्थ्य संगठनले नेपाललाई जनस्वास्थ्य समस्याको रुपमा ट्रकोमाको निवारण गर्ने दक्षिण पूर्वी एशियाको पहिलो राष्ट्रको रुपमा घोषणा गर्यो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ट्रकोमा निवारणलाई दिगो बनाउन प्रतिबद्ध छ। नेपालले जनस्वास्थ्य समस्याको रुपमा ट्रकोमाको निवारण गर्न सफल भएतापनि कुनै रोगको निवारण भएको प्रमाणीत भएसँगै सो प्रमाणीकरण उल्टिन सक्ने कुरा बुझ्नु र

सो रोग बृद्धि भएमा समयमै पहिचान गर्न सर्भिलेन्स पर्याप्त भएको सुनिश्चित गर्नु महत्वपूर्ण छ।

नेपालको स्वास्थ्य प्रणालीले निवारणलाई दिगो बनाउन आफ्नो प्रयासहरु जारी राख्नुपर्दछ र पुनः देखिएका ट्रकोमाका बिरामीहरुको पहिचान गर्न तयारी अवस्थामा रहनु पर्दछ। त्यसैले यस सफलता पछि नेपालमा ट्रकोमाका लागि प्रमाणीकरण पछिको सर्भिलेन्स प्रणाली स्थापना गर्न आवश्यक छ।

ट्रकोमा प्रमाणीकरण पछिको सर्भिलेन्स प्रणालीका लक्ष्य तथा उद्देश्यहरु यस प्रकार छन्:

**लक्ष्यः** नेपालमा ट्रकोमाको निवारणलाई दिगो बनाउने।

**उद्देश्यहरुः**

१. पुनः देखिएका बिरामीहरुको पहिचान गर्ने र उपयुक्तकार्य/प्रतिकार्यहरु सुनिश्चित गर्ने
२. पुनः बिरामी देखिएमा, सोको प्रतिकार्यको लागि संसाधनलाई न्यायीक रुपमा खटाउन प्रमाणमा आधारित प्रक्रिया प्रदान गर्ने।

(३) ट्रकोमाको प्रमाणीकरण पछिको सर्भिलेन्सः दफा (४) को उपदफा(२) माउल्लेखित उद्देश्यहरु प्राप्त गर्न ट्रकोमाको प्रमाणीकरण पछिको सर्भिलेन्स यीदुई सर्भिलेन्स संयन्त्रको माध्यमबाट गरिनेछ ।

- निष्क्रिय सर्भिलेन्स (Passive Surveillance)
- सक्रिय सर्भिलेन्स (Active Surveillance)

**निष्क्रिय सर्भिलेन्स (Passive Surveillance)**

निष्क्रिय सर्भिलेन्समा सरकारी तथा गैरसरकारी आँखा उपचार सेवा प्रदायकबाट स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) मार्फत ट्रकोमाको तथ्याङ्क प्राप्त गरिनेछ। यसरी संकलन गरिएका तथ्याङ्कपुनः देखिएका बिरामीको बारेमा थाहापाउन राष्ट्रिय कार्यक्रमद्वारा प्रयोग गरिनेछ जसले गर्दा समयमै उपयुक्त कदमहरु चाल्न सकिनेछ।

नेपालमा ट्रकोमा लगायतका आँखा उपचार सेवाहरु सरकारी रनिजी साझेदारीबाट प्रदान गरिएका छन्। यद्यपि स्वास्थ्य व्यवस्थापन सूचना प्रणलीमा गैर सरकारी संस्थाहरुबाट प्रतिवेदन बुझाउने कुनै संयन्त्र उपलब्ध छैन। स्वास्थ्य व्यवस्थापन सूचना शाखा, स्वास्थ्य सेवा विभागसँगको समन्वयबाट स्वास्थ्य व्यवस्थापन सूचना

प्रणालीमा ट्रकोमाको तथ्याङ्कको रिपोर्टिंगको सुरुवात गराइनेछ। आँखा उपचार सेवा प्रदान गर्ने सबै संस्थाहरुलाई स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा तथ्याङ्क भर्न पहुँच दिइनेछ।

ट्रकोमा सर्भिलेन्स/सर्वेक्षण क्लिनिकल निदानमा भर पर्दछ। गलत ग्रेडिङले गर्दा अनुपयुक्त निर्णयलाई निम्त्याउन सक्छ। तसर्थ, सबै तहका स्वास्थ्यकर्मीहरुलाई क्रमश तालिम प्रदान गर्दै ट्रकोमा बिरामीको पहिचान, व्यवस्थापन तथा रिपोर्ट गर्न सक्षम बनाइनेछ।



चित्र १: सक्रिय ट्रकोमाको स्क्रिनिङगर्दा आँखाको ढकनी जाँचगर्दै स्वास्थ्यकर्मी (फोटो:NNJS)

हालको HMIS को Morbidity Section मा ट्रकोमाको रिपोर्ट गर्ने एउटा मात्र ठाउँ (A71) छ जुनलाई संशोधन गरि निम्न तीन बुँदाहरु संलग्न गराइने छन्:

- १ देखि ९ वर्ष उमेरका Trachomatous inflammation-Follicular (TF) का बिरामीको संख्या
- १५ बर्ष वा सो भन्दा बढी उमेरका Trachomatous Trichiasis (TT) का बिरामीको संख्या


- TT को व्यवस्थापन गरिएका १५ बर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिको संख्या

ट्रकोमा सर्भिलेन्समा निम्न Case Definition हरु प्रयोग गरिनेछन्

Table 2: ट्रकोमा सर्भिलेन्समा प्रयोग हुने case definition हरु

| ट्रकोमा भेरिएबलहरु | विधि | यसले के मापन गर्छ | परिभाषा |
|---|---|---|---|
| **TF** | WHO को सरल ट्रकोमा ग्रेडिङ विधिप्रयोग गरि क्लिनिकलजाँच गर्ने | सक्रिय ट्रकोमाको क्लिनिकलजाँच | TF भन्नाले "आँखाको माथिल्लो ढक्कनको मध्य भागमा ५ वा सो भन्दा बढी कम्तिमा ०.५मि.मि का दानाहरु *(follicles) देखिएका अवस्थालाई बुझाउँछ"। |
| **TT** | WHO को सरल ट्रकोमा ग्रेडिङ विधिप्रयोग गरि क्लिनिकल जाँच गर्ने | ट्रकोमाको कारणले दृष्टबिहिन हुन सक्ने सम्भावना | TT भन्नाले "आँखाको माथिल्लो ढक्कनको कम्तिमा एउटा परेलाले आँखाको सेतोभागवा बाहिरी नानीमा घोच्ने वाहालसालै आँखाको माथिल्लो ढक्कनको परेला आँखाको भित्र पट्टि फर्किएर निकालेको प्रमाण भएको अवस्थालाई बुझाउँछ"। |
| **TT Surgery Performed** | शल्यक्रिया | TT उपचार गरिएका बिरामीको संख्या | TT उपचार गरिएका बिरामीको संख्या |

*follicles ०.५ देखि ३.० मि.व्यासको गोलो सुन्निएका दानाहरु हुन्। यिनीहरु खरानी वा हल्कापहेलो रङका हन्छन् जसले गर्दा आँखाको ढक्कनको भित्रिभाग भन्दा फिक्का हुन्छन्। बाहिरी दानाहरु (सामान्य ट्रकोमा ग्रेडिङ कार्डमा सामान्यत tarsal conjuctiva को चित्रमा देखाइएको घेरा भन्दाबाहिर भएको) र ०.५ मि.भन्दा साना




## सक्रिय सर्भिलेन्स (Active Surveillance)

पर्याप्त मात्रामा सेन्सिटिभ नहुने भएकाले निष्क्रिय सर्भिलेन्स मात्र पर्याप्त हुदैन । त्यसैले सक्रिय सर्भिलेन्स गर्नु र पुनः देखिएका बिरामीहरुको शिघ्र पहिचान आवश्यक हुन्छ। सक्रिय सर्भिलेन्स निम्न अवस्थामा संचालन गरिनेछ ।

- निष्क्रिय सर्भिलेन्सबाट माथि उल्लेख भए बमोजिमको संकेत पाएमा (Signal from the passive surveillance as defined above)

- उद्देश्यपूर्ण आवधिक सर्भिलेन्सको रुपमा (Purposeful periodic surveillance)
- अवसरवादी सर्भिलेन्सको रुपमा (Opportunistic surveillance)

## उद्देश्यपूर्ण आवधिक सर्भिलेन्स (Purposeful periodic surveillance)

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा बिभाग - इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले विगतमा ट्रकोमा प्रभावित सम्पूर्ण जिल्लाहरुमा उत्तर प्रमाणीकरण प्रिभ्यालेन्स सर्वेक्षणको रुपमा जनसंख्यामा आधारित "उद्देश्यपूर्ण आवधिक सर्भिलेन्स" संचालन गर्नेछ।

ट्रकोमा उत्तर प्रमाणीकरण प्रिभ्यालेन्स सवेक्षण निम्नानुसार संचालन गरिनेछ:

- ट्रकोमा प्रिभ्यालेन्स सर्वेक्षण प्रतिजिल्ला ३० वटा छानिएका क्लस्टरमा ३ वर्षमा एक पटक संचालन गरिनेछ। सो सर्वेक्षण संचालन गर्दा सर्वेक्षणको प्रोटोकल अनुसार गरिनेछ।
- सर्वेक्षण गर्ने स्थानको चयन बिगतमा भएको ट्रकोमा रोगको भार र ट्रकोमा संभावित क्षेत्रका आधारमा गरिनेछ।
- सर्वेक्षणको नतिजाको आधारमा Table 3 मा उल्लेख भएबमोजिम थप उपयुक्त कार्यहरु/कार्यक्रमहरु (Intervention) अपनाइनेछ।
- TT को प्रिभ्यालेन्सको लागि तिनै छानिएका अतिप्रभावित जिल्ला ३० वटा क्लस्टरमा ३ वर्षमा एक पटक १५ वर्षवा सो भन्दा माथिका सबैलाई TT स्क्रिनिङको रुपमा ट्रकोमा सर्भिलेन्स संचालन गरिनेछ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आँखा स्वास्थ्य सेवा प्रदान गर्न तोकेका अस्पताल र आँखा उपचार केन्द्रहरुबाट निरन्तर Trichiasis को शल्यक्रिया सेवा प्रदान गरिनेछ।
- सर्वेक्षण पूरा भएपछि कम्तिमा एक महिना भित्र स्वास्थ्य सेवा बिभाग, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले "उत्तर प्रमाणीकरण प्रिभ्यालेन्स सर्वेक्षण (Post Validation Surveillance Survey)" तथ्याङ्क प्राप्त गर्नेछ। NTDs Steering Committee ले प्राप्त सर्वेक्षण तथ्याङ्कको विश्लेषण गरी र

रोगको भार (Disease Burden) को आधारमा आवश्यक Response Activities/Intervention को बारेमा निर्णय गर्नेछ।

- निवारणलाई दिगो बनाउन अनुहारको सरसफाई र वातावरणीय सुधार (Water and Sanitation) का कार्यहरु ट्रकोमाको निवारण पछि पनि निरन्तर रहनेछन ।
- कार्यक्रमको वकालतका लागि जिल्लाका सरोकारवालाहरुसँग निरन्तर अन्तरक्रिया गरिनेछ ।

Table 3: प्रिभ्यालेन्स सर्वेक्षणको नतिजाका आधारमा कार्यक्रम

| प्रिभ्यालेन्स सर्वेक्षणको नतिजा | कार्यक्रमहरु (Interventions) |
|---|---|
| १ देखि ९ वर्ष उमेरका बच्चामा TF को प्रिभ्यालेन्स ५% भन्दा कमभएको जिल्लामा | कुनै थप सक्रिय मध्यस्थताको आवश्यकता पर्दैन, SAFE रणनितिको F&E भागलाई निरन्तरतादिने (F-अनुहारको सरसफाई र E-वातावरणीय सुधार) र सर्भिलेन्सलाई कडा गर्ने |
| १ देखि ९ वर्ष उमेरका बच्चामा TF को प्रिभ्यालेन्स ९.९% भएको जिल्लामा | SAFE रणनितिको AEF कार्यान्वयन गरिनेछ, A-एन्टिबायोटिक (१ चरण),F-अनुहारको सरसफाई र E-वातावरणीय सुधार |
| १ देखि ९ वर्ष उमेरका बच्चामा TF को प्रिभ्यालेन्स १०% वा सो भन्दा बढी भएको जिल्लामा | SAFE रणनितिको AEFको पूर्णरुपले कार्यान्वयन गरिनेछ, A-एन्टिबायोटिक (३ चरण), F-अनुहारको सरसफाई र E-वातावरणीय सुधार |
| १५ वा सो भन्दा बढी उमेरका व्यक्तिमा प्रिभ्यालेन्स ०.२ % भन्दा कमभएको जिल्लामा | नियमित आँखा उपचार प्रणालीबाट TT का बिरामीहरुको शल्यक्रिया गरिनेछ । |
| १५ वा सो भन्दा बढी उमेरका व्यक्तिमा TT को प्रिभ्यालेन्स ०.२% वा सो भन्दाबढी भएको जिल्लामा | राष्ट्रिय ट्रकोमा कार्यक्रमद्वारा TT का बिरामीहरुको सक्रिय रुपले पहिचान र व्यवस्थापन गरिनेछ (जस्तैः आँखाशिविरहरु) |

**अवसरवादी सर्भिलेन्स (Opportunistic Surveillance):**

घुम्ति आँखाशिविर/विद्यालय स्क्रिनिङ संचालन गर्ने सबै संस्थाहरुलाई Trachomatous inflammation-follicular (TF), Trachomatous trichiasis (TT)र TT शल्यक्रियाको स्क्रिन, पहिचान र रिपोर्ट गर्ने क्षेत्रको रुपमाप्रयोग गरिनेछ। आँखाशिविर/स्क्रिनिङहरुबाट प्राप्त ट्रकोमाको तथ्याङ्कलाई जिल्लाका सम्बन्धित स्वास्थ्य



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

संस्थाहरुद्वारा HMIS मा रिपोर्ट गरिनेछ। साथै हात्तीपाइलेको Transmission Assessment Survey (TAS)जस्ता अन्यअपहेलित उष्ण प्रदेशिय रोगहरु(Neglected Tropical Diseases)को सर्वेक्षण, जुन विद्यालयहरुमा कक्षा १ र २ का विद्यार्थीहरुमा गरिन्छ, संगसंगै ट्रकोमाको पनि स्क्रिनिङ गरिनेछ। यसले आर्थिक भार नथपी अरु सर्वेक्षणको सहयोग लिन सक्षम बनाउँछ। ट्रकोमाको लागि गरिने यस प्रकारको अवसरवादी सर्भिलेन्स हात्तीपाइले सर्वेक्षण जिल्लाहरुमा समेत गर्न सकिनेछ।

(५) **अनुगमन तथा मुल्याङ्कन** : अनुगमन भनेको कार्यक्रमका क्रियाकलापहरुको कार्यान्वयनको प्रगति र निश्चित समयमा कार्यक्रम सम्पादनमा देखिएका परिवर्तनहरुको नियमित निरिक्षण हो। यसलाई कार्यक्रमका क्रियाकलापहरुको कार्यान्वयनको निरन्तर निरिक्षणको रुपमा सोच्न सकिन्छ। यसले लगानी भएका साधन स्रोतहरु (inputs),संचालन भएका क्रियाकलापहरु (Processes),ती क्रियाकलापको गुणस्तर, र पूरा भएका क्रियाकलापहरुको उपलब्धि (Outputs) योजना अनुरुप अघि बढेका छन् भन्ने स्थापना गर्न खोज्दछ। अनुगमनमा समयमै निर्णय लिन सहयोग गर्न, कार्यक्रमको योजना तथा व्यवस्थापनमा मद्दत गर्न, उत्तरदायित्व सुनिश्चित गर्न साथै मुल्याङ्कन र सिकाईको आधार प्रदान गर्न तथ्याङ्कको नियमित संकलन र विश्लेषण समावेश हुन्छ।

मुल्याङ्कन यस्तो प्रक्रियाहो जसले उद्देश्यको सापेक्षता, प्रयोग भएका साधन स्रोतहरुको पर्यासता, कार्यक्रमको योजना र कार्यान्वयनको प्रभावकारिता, कार्यक्रमको गुणात्मकता, कार्यक्रम (Intervention) कोप्रभाव तथा नतिजाहरुको दिगोपनलाई सुनिश्चित गर्ने लक्ष्य राख्दछ। यसप्रकारको मुल्याङ्कनको लक्ष्य ट्राकोमा निवारण सम्बन्धि महत्वपूर्ण सुचना ब्यबस्थापन, कार्यक्रमको गुणस्तर निर्णय र भविष्यमा गरिने कार्यक्रम तथा नितिहरुका लागि सिकाई प्रदानगर्नुहो।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

सबै संस्थाहरुमा निम्न तरिकाबाट सर्भिलेन्स प्रणालीको गुणस्तर नियमित रुपमा अनुगमन गर्नुपर्दछः

- संचालनमा रहेका स्वास्थ्य संस्थाहरुका अध्यावधिक सूचीकायम राख्ने;
- प्रणालीका सबै मुख्यतथा सहयोगि कार्यहरु उचित ठाउँमा रहेको सुनिश्चित गर्ने;
- आवश्यक प्रतिवेदनहरु बुझाएका संस्थाहरुको अभिलेख राख्ने;
- हराएका र ढिलो भएका प्रतिवेदनहरुकालागि पुनःताकेता गर्ने;
- पेश भएका तथ्याङ्कहरुको पुनरावलोकन गर्ने तथा अपूर्ण र गलत तथ्याङ्कहरुको पुनःताकेता गर्ने;
- समयमा, पूर्ण र सही तथ्याङ्क बुझाउने स्वास्थ्य संस्थालाई सकारात्मक पृष्ठपोषण प्रदान गर्ने;

- सर्भिलेन्समा संलग्न कर्मचारीहरुलाई आवधिक रुपले नियमित तालिम प्रदान भएको सुनिश्चित गर्ने;

अनुगमन तथा मुल्याङ्कनकायी सम्पूर्ण कार्यहरु ट्रकोमा उत्तर प्रमाणिकरण सर्भिलेन्स निर्देशिका २०२०को मुख्य भागको रुपमा अनुसरण गरिनेछन्।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## अनुसूची-१

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) अन्तर्गत स्वास्थ्य संस्थाहरुले मासिक रुपले पठाउनु पर्ने ट्रकोमा प्रतिवेदन फारम

| संख्षा | पुरुष | महिला |
|---|---|---|
| १ देखि ९ वर्ष उमेरका **trachomatous inflammation-follicular (TF)** का बिरामीको संख्या | | |
| १५ वर्ष वा सो भन्दा बढी उमेरका **trachomatoustrichiasis (TT)** का बिरामीको संख्या | | |
| TTको व्यवस्थापन गरिएका १५ बर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिको संख्या | | |

**ट्रकोमाका सूचकहरु**

- TF का बिरामीको अनुपात (१ देखि ९ वर्ष उमेरका)
- स्वास्थ्य प्रणालीको जानकारीमा भएका बिरामीको अनुपात (१५बर्ष वा सो भन्दा बढी उमेरका)
- स्वास्थ्य प्रणालीको जानकारीमा नभएका बिरामीको अनुपात (१५बर्ष वा सो भन्दा बढी उमेरका)
- TT को शल्यक्रियाबाट व्यवस्थापन गरिएका व्यक्तिको संख्या (१५ बर्ष वा सो भन्दा बढी उमेरका)


# अनुसूची—२
(दफा ३ सँग सम्बन्धित)

## विश्व स्वास्थ्य संगठनको ट्रकोमा ग्रेडिङ कार्ड (WHO Trachoma Grading Card)

## ट्रकोमा ग्रेडिङकार्ड

- प्रत्येक आँखालाई छुट्टाछुट्टै परिक्षण तथा जाँच गर्नुपर्दछ।
- Binocular loupes (×2.5) को प्रयोग र पर्याप्त उज्यालो (दिनको उज्यालो वा टर्च) हुनुपर्दछ।
- चिन्हहरु पहिचान गर्न प्रष्टरुपले देखिएको हुनुपर्दछ।


पहिला परेला फर्केको वाकालो नानीमाफूलो परेको थाहापाउन आँखाको ढक्कन र कालो नानी हेरिन्छ । त्यसपछि आँखाको ढक्कनलाई फर्काएर पछाडिको कुरकुरे भाग (tarsal conjunctival) को जाचँ गरिन्छ।



सामान्य tarsal conjunctivaघेरा लगाएको भागले जाँच गर्नपर्ने ठाउँलाई देखाउँछ

सामान्य **tarsal conjunctiva** गुलाबी, सम्म परेको, पातलो र पारदर्शी हुन्छ। tarsal conjunctival को पूरै भागमा सामान्य तया ठाडो धेरै रक्त नलिहरु हन्छन।

ट्रकोमाटस ईन्फ्लामेशन फलिक्युलर (Trachomatous Inflamation Follicular-TF) : आँखाको ढक्कनको भित्री तहमा मसिना सेतादानाहरु (follicles) देखिन्छन्।




**Trachomatous Inflammation Follicular**

Follicles आँखाको भित्री भाग भन्दा फिक्का रङका गोलो सुजन भएका दानाहरु हुन् जुन सेतो, खरानी वा पँहेलो रङका हुन्छन्। यिनीहरु कम्तिमा ०.५ देखि ३.० मि.मि। व्यासका हुनुपर्छ, अर्थात तल चित्रमा देखाइएका थोपला जत्रालाई मान्नुपर्छ।




ट्रकोमाटस ईन्फ्लामेशन इन्टेन्स (Trachomatous Inflamation Intense-TI): आँखाको ढक्कनमा रोगले ज्यादै संक्रमण गराई रगत गएका नसाहरु नदेखिने भए पछिको रोगको अवस्थाहो।



ट्रकोमाटस स्कारिङ **(Trachomatous Scarring - TS) :** आँखाको ढक्कनको भित्रीतहमा दाग देखिन्छ।


दागहरु आँखाको ढक्कन पल्टाएर हेर्दा सजिलै देखिने सेताधर्का वा रेशा जस्ता हुन्छन् । तिनिहरु चम्किला र रेशादार देखिन्छन् । दागहरु धेरै फैलिएमा रगतका नशाहरु नदेखिन सक्छन्।



**Trachomatous Scarring -TS**

ट्रकोमाटस ट्रिकियासिस/उल्टो परेला **(Trachomatous Trichiasis-TT):** परेलाले आँखाको नानीलाई घोच्छ।


हालसालै आँखाभित्र परेलापिसेर निकालेको प्रमाण भएपनि उल्टो परेलाको रुपमा ग्रेडिङ गर्ने।



**Trachomatous Trichiasis (TT)**

फुलो पर्ने **(Corneal Opacity-CO) :—** आँखाको नानी सफा देखिनु पर्ने ठाउँमा सजिलैसंग चिन्न सकिने सेतो दाग देखिन्छ।

दागले गर्दा आँखाको नानीको वरिपरि धमिलो देखिन्छ। त्यस्ता दागले गर्दा आँखाको हेर्ने शक्तिनाश हुन्छ (६/१८ वा ०.३ भिजन)। त्यसैले सम्भव भए सम्म आँखाको दृष्टि (Visualacuity) जाँच गर्नुपर्छ।



**Corneal opacity (CO)**

**TF : Topical** उपचारगर्ने **tetracycline 1%_.**

**TI : Topical** र **systemic** उपचारगर्ने।

**TT :** आँखाको ढक्कनको शल्यक्रियाको लागि प्रेषणगर्ने।